बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ अंकः४ महिनाः भाद्र पानाः १२

बाणगङ्गा नगरपालिका द्वारा नगरलाई बालमैत्री स्थानीय शासन घोषणा

बाणगङ्गा नगरपालिकालाई २०७८ श्रावण १५ गते एक भब्य समारोहकाबीच बालमैत्री स्थानीय शासन नगर घोषणा गरिएको छ । उक्त कार्यक्रम नगर प्रमुख श्री मंगल प्रसाद थारुको अध्यक्षता र पूर्व कृषि तथा पशुपंक्षी विकास मन्त्री माननीय श्री चक्रपाणि खनाल (बलदेव) को प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

नगर उपप्रमुख चक्रपाणी अर्याले कार्यक्रममा पाल्नुभएका अतिथिहरुलाई स्वागत गर्दै बालमैत्री स्थानीय शासन नगर घोषणाका चरणबद्ध कार्यक्रमहरुमा सहयोग पुराउने सबैमा धन्यवाद दिँदै यसको निरन्तरताको लागि सबैले आ-आफ्नो जिम्मेवारी पुरा गर्नुपर्ने बताउनुभएको थियो ।

प्रमुख अतिथिद्वारा पानसमा बत्ति बालेर र विरुवामा जलार्पण गरेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । बाणगङ्गा नगरपालिकाको बालबालिका स्थिती प्रतिवेदन, २०७८ शिक्षा, युवा तथा खेलकुँद शाखा प्रमुख उपसचिव बाबुराम भट्टराईले प्रस्तुत गर्नुभएको थियो ।

प्रमुख अतिथि चक्रपाणि खनाल (बलदेव) ले बाणगङ्गा नगरपालिकालाई बालमैत्री स्थानीय शासन नगरको प्रमाणपत्र प्रदान गर्दै बाणगङ्गा नगरपालिका विकास र शिक्षाको दृष्टिले माथि उठेको नगरपालिका हो । यसमा यहाँका जनता र ती जनताबाट निर्वाचित जनप्रतिनिधि सबैको संलग्नता रहेको छ । बालमैत्री स्थानीय शासनलाई निरन्नतरता दिन आफू स्वयम् पनि लाग्ने प्रतिवद्दता सहित बाणगङ्गा नगरपालिकालाई हार्दिक बधाई दिनुभएको थियो।

कार्यक्रममा विशिष्ट अतिथि राष्ट्रिय सभा सदस्य माननीय बिमला घिमिरेज्युले नगरलाई बालमैत्री घोषणा गर्न प्रथमचरणबाट सेवा पुराउनुहुने सबै महिला स्वयंसेविका र सबै स्वास्थ्यकर्मीहरुलाई विशेष धन्यबाद दिनुभएको थियो । साथै उहाँले नगरले बालमैत्री स्थानीय शासन घोषणा गर्न सक्नु सबै नगरबासीको गौरवको विषय भएको र नगरले बौद्ध शिक्षा स्थानीय पाठ्यक्रम लागू गरेकोमा विशेष धन्यवाद दिनुभएको थियो । यस पछि महिला हिँसा मुक्त नगरपालिका घोषणाको लागि पहल गर्नुपर्ने अनुरोध गर्नुभएको थियो । नगरपालिका भित्र अधिकाँस युवाहरु लागूपदार्थको कुलतमा फसेको अवस्था रहेकोले कुलतमा फस्न नदिनका लागि नगरले कार्यक्रम संचालन गर्नुपर्ने र सकरात्मक सोँचका कार्यक्रमहरु संचालन गर्नुपर्ने बताउनुभएको थियो ।

माननीय पूर्व मन्त्री दीपकुमार उपाध्यायज्यूले शुभकामना मन्तव्य राख्दै हामी सबै अभिभावक, जनप्रतिनिधि सबै राजनितिक दलका प्रतिनिधि

सम्पादकीय

सूचनाको हक, पारदर्शीता तथा जवाफदेहिता प्रवर्धन गर्ने हेतुले यस बाणगङ्गा नगरपालिकाले सूचनाको सार्वजनिकीकरण गर्ने कार्यको निरन्तरताको रुपमा भाद्र महिनाको मासिक बुलेटिन प्रकाशनमा ल्याएको छ । यस अवधिमा नगरपालिकाले सम्पादन गरेका प्रमुख कार्यहरु, सेवा प्रवाह, विकास निर्माणका गतिविधिलाई यस अङ्कमा समावेश गरिएको छ ।

नागरिक केन्द्रित शासिन, दिगो एवम् सहभागितामूलक विकास र प्रभावकारी एवम् मागमा आधारित सेवाप्रवाह अहिलेको समयको माग हो । त्यसका लागि जनताको नजिकको सरकारको रुपमा रहने स्थानीय तहले आफ्ना कार्यशैली, व्यवहार एवम् दृष्टिकोणलाई समयानुकूल सुधार एवम् परिमार्जन गर्न जरुरी छ । हाम्रा कार्यशैलीहरु एवम् चिन्तन जनतालाई राज्यप्रति विकर्षण पैदा गर्ने होइन अपनत्व एवम् सहकार्यमूलक संस्कार तर्फ प्रेरित गर्ने हुनु अपरिहार्य छ ।

यस नगरपालिकाले आफ्नो मुखपत्रको रुपमा बुलेटिन प्रकाशन गर्नुको उद्देश्य सूचनाको संस्थागत संचार मार्फत सचेत जिम्मेवार एवम् सहयोगी नागरिक समाज, उपभोक्ता एवम् नगरवासी मार्फत यहाँको समृद्धिमा इट्टा थप गर्ने नै हो ।

नगरपालिका यहाँहरुको सुखदुखःमा रातदिन सहकार्य गरिरहेको छ र आगामी दिनमा पनि यसलाई थप उन्नत बनाउने प्रतिबद्धता पनि गर्दछौं । सम्पूर्ण नगरबासीहरुमा नगरले प्रवाह गर्ने सेवा, विकास र शासनका हरेक प्रक्रियामा रचनात्मक सहयोग एवम् सहकार्यको समेत अपेक्षा गरेका छौं ।

बालमैत्री स्थानीय शासन.....

एवं पदाधिकारीहरु सबैको जिम्मेवारी थप बढेको कुरा व्यक्त गर्नुभएको थियो साथै उहाँले यस्ता कार्यक्रमको दिगोपनाको लागि हामी सबैको सोँचमा परिवर्तन हुन आवश्यक रहेको बताउनुभएको थियो । साथै उहाँले राजनितिक अस्थिरताले गर्दा खतराको बादल मडारिरहेकोले सबैले सहिष्णुता अपनाउन नसके देश दुर्घटनामा पर्न सक्ने भन्दै बाणगङ्गा नगरपालिका र सबै नगरबासिहरुलाई हार्दिक बधाई ज्ञापन गर्नुभएको थियो ।

त्यसैगरी प्रदेश सभा सदस्य माननीय बिष्णुप्रसाद पन्थीज्यूले शुभकामना मन्तव्य राख्दै जनताको जीवनस्तर मजबुद नभएसम्म यस्ता कार्यक्रमहरु दिगो रुपमा स्थापित नहुने भएकोले यस्ता कार्यक्रमसँगै नगरका सबै जनताको आर्थिक जीवनस्तरलाई सुधार गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको थियो ।

जिल्ला समन्वय प्रमुख श्री नारायणप्रसाद खनालले बाणगङ्गा नगरपालिकाले भौतिक विकासको साथसाथै सामाजिक विकासमा महत्वपूर्ण उपलब्धी हासिल गरेकोमा विशेष धन्यवाद दिनुभएको थियो र यस्तो महत्वपूर्ण

कार्यक्रममा छिमेकी स्थानीय तहहरुको प्रतिनिधित्व नहुनुले अन्य स्थानीय तहलाई बालमैत्रीमा कम चासो रहेको आफूले महसुस गरेको बताउनुभएको थियो ।

जिल्ला समन्वय उपप्रमुख श्री तारावती

चौधरीज्यूले बालमैत्री व्यवहार कागजमामात्र सिमित नभएर हामी सबैको व्यवहारमा अनिवार्य लागू गर्न सबै सरोकारवालाहरु प्रतिवद्ध हुनुपर्ने बताउनुभएको थियो साथै बाल विवाह अन्त्य गर्ने खालका कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने बताउनुभएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी एमाले-जिल्ला अध्यक्ष

श्री झविलाल पोखेलले नगरलाई हार्दिक बधाई सहित निरन्तरता र सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । साथै बालबालिकाको मन्तव्यलाई प्रशंसा गर्दै सबै अभिभावकहरुले आजको बालबालिकालाई आफ्नो देश, मातृभुमि र संस्कृतिको बारेमा सिकाउन पहिलो आवश्यकता भएको बताउनुभएको थियो । उहाँले स्वस्थ वातावरण, सन्तुलित खाद्यान्नलाई उपभोग गर्न जोड दिनुभएको थियो ।

त्यसैगरी नेपाली कांग्रेसका जिल्ला प्रतिनिधि श्री हरिराज घिमिरेले यस्ता कार्यक्रमहरु अनन्तसम्म चलिरहने प्रक्रिया भएको र देश विकासको मेरुदण्ड बालबालिका भएकोले यसलाई निरन्तरता दिनुपर्ने बताउनु भएको थियो ।

कार्यक्रममा बाणगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनालले बालमैत्री स्थानीय शासन घोषणा ठूलो चुनौतीपूर्ण कार्य भएको र विविध चुनौतीहरुको सामना गर्दै सफलता प्राप्त भएकोले यस अभियानमा संलग्न सबै सरोकारवालाहरुलाई विशेष धन्यवाद दिनुभएको थियो ।

कार्यक्रममा बालसञ्जालबाट प्रज्ज्वल बस्याल र अर्चना आचार्यले आफ्नो मन्तव्य राखेका थिए । त्यसैगरी बालमैत्री राष्ट्रिय प्रशिक्षक बिष्णु चौवे, नगर प्रवक्ता एवं बालमैत्री स्थानीय शासन कार्यक्रमको साँस्कृतिक संयोजक श्री बिष्णु

प्रसाद पौडेल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो र कार्यक्रम सञ्चालन बाणगङ्गा नगर सामाजिक विकास संयोजक भिष्म प्रसाद भुसालले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा जनता नमूना मा.वि., हिलवर्ट आवाशिय मा.वि., ज्ञानपुञ्ज बोर्डिङ स्कूल, बालज्योति ईङ्गलिस बोर्डिङ स्कूल लगायतले सांगितिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

उक्त कार्यक्रममा बालमैत्री कार्यक्रम फोकलपर्सन बाबुराम भट्टराई, स्थानीय शासन प्रशिक्षकद्वय बिष्णु प्रसाद चौवे, कमलराज पन्थी, घरघरमा शिक्षा तथा आत्म शिक्षा अभियान संस्था, सिद्धार्थ सामाजिक विकास केन्द्र, नगर बाल सञ्जाल नगर अध्यक्ष, सबै वडाका स्वास्थ्य ईन्चार्जहरु र सबै वडाका बालमैत्री सहजकर्ताहरुलाई सम्मान गरिएको थियो ।

बतास फाउण्डेसनद्वारा नगरपालिकालाई स्वास्थ्य सामाग्री हस्तान्तरण

बतास फाउण्डेसनद्वारा Sida-Sweden र Islamic Relief World wide Nepal को आर्थिक सहयोग र LIDO कपिलवस्तुको सहकार्यमा कपिलवस्तु जिल्लामा सञ्चालित "कोभिड-१९ आकस्मिक प्रतिकार्य परियोजना" अन्तर्गत बाणगङ्गा नगरपालिकालाई रु. २३ लाख बराबरको विभिन्न स्वास्थ्य सामग्रीहरु उक्त बतास फाउण्डेसनका अपरेसन कोडिनेटर श्री विजय सिंह ठकुरीले एक कार्यक्रमकाबीच नगर प्रमुख श्री मंगल प्रसाद थारु र उपप्रमुख श्री चक्रपाणी अर्याल ज्यूलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नु भएको थियो ।

स्वास्थ्य सामग्री अन्तर्गत आईसोलेशन सेन्टरको लागि बेड १५ थान, पल्स अक्सिमिटर ५० थान, एन ९५ मास्क २०० प्याक, पि.पि.ई. २०० सेट, स्यानिटिजाईर १०० मि.ली.१५० थान, सर्जिकल ग्लबस १०० थान, सर्जिकल मास्क १०० प्याकेट, भिटिएम किट ६०० थान, अक्सिजन कनसेन्टर २ थान, वेटुरी मास्क २० थान, अक्सिजन सिलिण्डर ४६ लिटर ७ थान, अक्सिजन सिलिण्डर १० लिटर ७ थान, आईसोलेसन किट ५०० थान नगपालिकालाई उपलब्ध गराएको छ ।

बालमैत्री नगरपालिका घोषणा - २०७८

नेपालको कपिलवस्तु जिल्ला बाणगङ्गा नगरपालिका १५४३३ घरधुरी १०२२४४ जनसंख्या भएको सुन्दर, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक महत्व बोकेको नगरपालिका हो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यान्वयन कार्यविधि २०६८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७० तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं बाणगङ्गा नगरपालिकाको बालबालिका सम्बन्धी नीतिले निर्दिष्ट गरेका सूचकहरु तथा मापदण्डहरु पूरा गरेको हुँदा कपिलवस्तुको बाणगङ्गा नगरपालिकाका सबै वडाहरु र सिङ्गो बाणगङ्गा नगरपालिकालाई यस गरिमामय समारोहमा कपिलवस्तु जिल्लाको पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्दछु ।

इतिसम्बत २०७८ साल श्रावण १५ गते शुक्रवारमा शुभम् ।

चक्रपाणी खनाल (बलदेव)
पूर्व कृषि तथा पशुपंक्षी विकास मन्त्री
एवम्
प्रतिनिधि सभा सदस्य

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु

प्रमाण-पत्र

श्री बाणगङ्गा नगरपालिका
कपिलवस्तु ।

वाणगङ्गा नगरपालिका कपिलवस्तुले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ कार्यान्वयन कार्यविधि २०६८ एवं घोषणा कार्यविधि २०७० अनुसार बाल मैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक सूचकहरु तथा मापदण्डहरु पूरा गरी बालमैत्री नगर घोषणा गर्न सफल भएकोमा त्यस नगरबाट वालमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यको योगदानको सम्मान गर्दै वालमैत्री शासनको दिगोपनाको लागि कार्यक्रमको निरन्तरताको अपेक्षाका साथ कपिलवस्तु जिल्लाको पहिलो बालमैत्री स्थानीय शासन घोषणा समारोहको अवसरमा यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

मिति : २०७८।०४।१५

प्रमुख अतिथी
चक्रपाणी खनाल (बलदेव)
पूर्व कृषि तथा पशुपंक्षी विकास मन्त्री
एवम् प्रतिनिधि सभा सदस्य

नारायण प्रसाद खनाल
प्रमुख, जिल्ला समन्वय समिति
कपिलवस्तु

पशु विकास कार्यालय भवन हस्तान्तरण

कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिकाको प्राङ्गण भित्र बनेको पशु विकास कार्यालयको नव भवन नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले एक कार्यक्रमकाबीच नगरपालिकालाई हस्तान्त्रण गरेको छ । नगरपालिकाको भवनमा उक्त आयोजनाद्धारा आयोजित भवन हस्तान्तरण कार्यक्रमका बिच सो भवन नगरपालिकालाई हस्तान्तरण गरिएको हो ।

भवन हस्तान्तरण कार्यक्रममा बोल्दै बाणगंगा नगरपालिकाका प्रमुख मगंल प्रसाद थारुले यस भवनको निमार्णपछि नगरभित्र पशुपालन व्यवसाय गरेका कृषकलाई नगरबाट प्रदान गरिने पशु विकास सम्बन्धी सेवाप्रवाहमा सबै नगरवासी कृषकहरुको सहजसरल पहुँच र नगरभित्रका ११ वटा वडालाई छुट्टाछुट्टै रुपमा दुध, मह र अण्डाको पकेट क्षेत्रका रुपमा विकास गर्ने नगरको योजनालाई टेवा पुग्ने बताउनु भएको थियो।

त्यस्तै नगरपालिकाका उप प्रमुख चक्रपाणि अर्यालले बाणगंगा नगरपालिका धान, गहुँ, दुध, मह, मासु र कुखुराको अण्डा आत्मनिर्भर रहेको बताउदै निर्यातमा जोड दिई कृषकलाई व्यवसायिक बनाउन नगरपालिकामा नयाँ भवनबाट नै नियमित सेवा प्रदान गर्न लागेको जानकारी गराउनु भयो। उक्त कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले पशुपालन गरेका कृषकलाई प्रोत्साहन गर्ने तथा व्यवसायीक प्रवर्धनका लागी नगरपालिकाले नीति तथा कार्यक्रम ल्याउने जानकारी गराउनु भएको थियो ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाद्धारा आयोजित भवन हस्तान्तरण कार्यक्रममा आयोजना प्रमुख बिश्वनाथ गौतम र आयोजनाका बुटवलस्थित कार्यालयका प्रमुख पुरषोत्तम त्रिपाठीले उक्त भवन निमार्णले यस क्षेत्रका पशुपालन कृषकलाई सेवा लिन सहज हुने बताउदै थप सेवा प्रदान गर्न नगरपालिकाले उपकरण व्यवस्थापनमा लाग्नु पर्ने सुझाव दिनु भएको थियो ।

नगरपालिकाको भवन प्राङ्गड छेउमा निमार्ण भएको पशु विकास कार्यालय करिव १ करोड ७ लाख बढि लगानीमा निमार्ण भएको बाणगंगा नगरपालिकाका पशु विकास शाखाका प्रमुख राज कुमार तिवारीले जानकारी दिनु भएको थियो।

बाणगङ्गा नगरपालिका वडा नं. ६ लक्ष्मणघाट मन्दिर मा श्रद्धा

लक्ष्मणघाट : एक धार्मिक तथा पर्यटकिय स्थल

बाणगंगा नगरपालिकाको वडा नं. ६ अन्तर्गत पर्ने लक्ष्मणघाट कपिलवस्तु जिल्लाको नै धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको रूपमा परिचित छ। उक्त स्थानमा निर्माण गरिएको शिवमुर्ति र १०८ शिवलिङ्गको दर्शनका लागि हजारौं श्रद्धालु भक्तजनहरुको घुईंचो लाग्ने गर्दछ ।

स्थानीय सेवाका कर्मचारीहरुको स्तरवृद्धि

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई बाणगङ्गा नगरपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत

रहेका कर्मचारीहरुको स्तर बृद्धि नहुँदा स्थानीय सेवाको समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ को अधीनमा रही त्यस्ता कर्मचारीहरुको

समायोजन व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम बाणगङ्गा नगरपालिकाको नवौ नगर सभाले "कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा

व्यवस्था गर्न बनेको ऐन, २०७८" सर्वसम्मतरुपमा पारित गरि कार्यान्वयन गरेको छ।

साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी नगरपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा तथा स्तरबृद्धि नभएका अनवरतरुपमा नगरपालिकामा कार्यरत स्थानीय

सेवाका स्थायी कर्मचारीहरुको वृत्ति विकास रोकिएको गुनासोलाई सम्बोधन गर्दै उक्त ऐनको व्यवस्था बमोजिम बाणगंगा नगरपालिकाले विभिन्न पद तथा तहमा कार्यरत नगरपालिकाका स्थानीय सेवाका ७ जना स्थायी कर्मचारीहरुको नगरपालिकाको भवनमा एक कार्यक्रमकाबिच

स्तरवृद्धि गरिएको छ ।

उक्त कार्यक्रममा नगरका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव श्री बाबुराम भट्टराईले स्तरवृद्धि हुने कर्मचारीहरुलाई अविर टिका तथा प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनालले स्तरवृद्धि पत्र प्रदान गर्नु भएको थियो । उक्त ऐनको व्यवस्था बमोजिम स्तरवृद्धि हुन योग्य कर्मचारीहरुलाई स्तरवृद्धि पत्र प्रदान गर्दै आगामि दिनहरुमा पनि कर्तव्यनिष्ठ भई आफ्नो कार्य सम्पादन गर्न शुभकामना व्यक्त गर्नु भएको थियो ।

उक्त ऐन बमोजिम स्तरवृद्धि भई अधिकृत सातौं, अधिकृत छैटौं, सहायकस्तर पाँचौ हुने कर्मचारीहरुमा क्रमशः अधिकृत छैठौं श्री शान्ताराज आचार्य, सहायकस्तर पाँचौ श्री गोविन्द आचार्य, असिस्टेण्ट सबईन्जिनियर सहायकस्तर चौथौ श्री ईन्द्रमणि गैरे, असिस्टेण्ट सबईन्जिनियर सहायकस्तर चौथौ श्री कृष्ण प्रसाद पोखेल, सहायकस्तर चौथो श्री कृष्ण प्रसाद खनाल, सहायकस्तर चौथो श्री दुर्गादेवी शर्मा तथा सहायकस्तर चौथो श्री धनीराम चौधरी रहेका छन् ।

स्तरवृद्धि हुने सबै कर्मचारीहरुलाई बाणगङ्गा नगरपालिका परिवारको तर्फबाट उत्तरोत्तर प्रगतिको शुभकामना ।

नगरभित्र विभिन्न संस्थाहरुद्वारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

सि.नं.	संचालक संस्थाहरुको नाम	सम्पर्क नम्बर
१	पिपरा अस्पताल	९८४७०३६५८६
२	नेपाल रेडक्रस सोसाईटी-बाणगंगा	९८४७०३३०५३
३	शान्ति श्रृजना युवा नेपाल	९८५७०३६४८९
४	बाणगंगा यातायात व्यवसायी समिति	९८५७०५४२५५
५	सि एण्ड सि अस्पताल	९८५७०१६४११
६	कपिलवस्तु जेसिस	९८५७०५००२२

नगर परिसरमा फूलबारी निर्माण तथा वृक्षारोपण कार्यक्रम

नगरपालिका परिसरमा सरसफाई तथा सौन्दर्यकरण पश्चात नगरपालिका भवन तथा परिसर ।

नगरपालिका परिसरमा वृक्षारोपण गर्दै नगर प्रमुख मंगल प्रसाद थारु ।

नगरपालिका परिसरमा वृक्षारोपण गर्दै नगर उप प्रमुख चक्रपाणि अर्याल ।

नगरपालिका परिसरमा फूलबारी निर्माणको लागि लेआउट तयारी गर्दै प्रमुख प्रशासकीय अधिकृत ।

नगरपालिका परिसरमा सरसफाई तथा सौन्दर्यकरण गर्दै कर्मचारीहरु ।

२०७८ श्रावण महिनाको १६ गते शनिबारका दिन बाणगङ्गा नगरपालिकाका नगर प्रमुख मंगल प्रसाद थारु, नगर उपप्रमुख चक्रपाणि अर्याल , प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल लगायत नगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरुले संयुक्तरुपमा बाणगङ्गा नगरपालिका परिसरमा फूलबारी निर्माण, वृक्षारोपण, सरसफाई तथा सौन्दर्यकरण कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा नगर परिसरमा फूलबारी निर्माण र सरसफाई गरि विभिन्न प्रकारका फूलका बोट बिरुवा लगाउने कार्यसमेत सम्पन्न भएको छ ।

सबै किसिमका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई घटना दर्ता गरौं ।

कृषि सम्बन्धी सबै सूचनाहरुको जानकारी लिन
https://www.facebook.com/HBMBanganga
फेसबुक पेज लाईक गरि संजालमा जोडिऊँ ।

आलु खेती सम्बन्धि जानकारी एंब रोग किरा ब्यबस्थापनको उपाय

परिचय:

धान, गहुँ अनि मकै पछीको प्रमुख बालिमा पर्दछ आलु।आलु उत्पादकत्वमा पहिलो स्थानमा र छेत्रफलको आधारमा चौथौ स्थानमा पर्दछ।

यसले १९७२३४ हेक्टर छेत्रफल ओगटेको छ अनि कुल उत्पादन चाँही २६९०४२१ मेट्रिक टन रहेको छ काभ्रे, बारा, झापा, सोलुखुम्बु, इलाम, खोटाङ, कैलाली, बर्दिया, भोजपुर, मकवानपुर, नुवाकोट, रुपन्देही, नवलपरासी आदि जिल्लामा विशेष गरी आलु खेती गरिएको पाईन्छ।

आलुको प्रयोगले रक्तचाप, रक्तअल्पता, ग्यास्ट्रिकमा फाईदा पुर्याउदछ। यसमा स्टार्च, प्रोटिन, फ्याट, खनिज र कार्बोहाइड्रेट पाईन्छ।

उत्पत्ती:

आलु दक्षिण अमेरिकाको रैथाने हो र यो पहिले देखिनै इन्कासमा खेती गरिन्थ्यो। पछी १६औ शताब्दीमा स्पेनिश खोजकर्ताले यूरोपसम्म पुर्याएका थिए। (थोम्पसन र केल्ली १९५७)

नेपालमा प्रचलित केही जात:

१) कुफ्री ज्योति:

यो जातको आलु मध्यम वर्गिय जात (११०-१२० दिन) अन्तर्गत पर्दछ। यो जातको आलु डडुवा प्रतिरोधी हुन्छ। यसको फल ठुलो, हल्का गोलाकार अनि फलको बोक्रा सेतो रङको हुन्छ। यसको कुल उत्पादन २०-२५ टन प्रति हेक्टर रहेको छ।

२) कुफ्री सिन्धुरी:

यो पछौटे जात (११०-१३० दिन)अन्तर्गत पर्दछ। यसको फल मध्यम खालको अनि गोलाकार हुनुको साथै बोक्रा रातो रङको हुन्छ। यसको कुल उत्पादन २५-३० टनप्रति हेक्टर रहेको छ।

३) डेजिरे:

यो अगौटे जात(७०-९० दिन) अन्तर्गत पर्दछ। यो जात डडुवा रोगको बढी प्रकोपमा पर्दछ। यसको पनि मध्यम खालको गोलाकार फल हुनुको साथै बोक्रा रातो हुन्छ।

४) जनकदेव:

यो तराइ, पहाड र हिमालमा खेती गरिने मध्यम वर्गिय (१००-१२० दिन) जात हो। यसको फल ठुलो सानो दुबै हुने र बोक्रा रातो हुने गर्दछ। २३ टनप्रति हेक्टर यसको उत्पादन रहेको छ।

५) खुमल सेतो १:

यो मध्यम वर्गिय जात (१००-१२० दिन) अन्तर्गत पर्दछ। यसको फल गोलो, ठुलो, सानो अनि बोक्रा सेतो हुन्छ। कुल उत्पादन २५ टन प्रति हेक्टर रहेको छ।

६) खुमल रातो २ :

यो मध्यम वर्गिय(१००-१२० दिने) जात हो। यसको फल मध्यम खालको हुन्छ जसमा हल्का रातो बोक्रा हुन्छ। यो जातले २०-२५ टन प्रति हेक्टर उत्पादन दिन्छ।

७) कुफ्री बाहार:

यो मध्यम वर्गिय, ठुलो खालको गोलो अनि हल्का सेतो बोक्रा भएको फल हुने जात हो जुन प्राय: रोगहरुबाट सजिलै ग्रसित हुन्छ।

यो तराइ, पहाड र हिमालमा खेती गरिने मध्यम वर्गिय (१००-१२० दिन) जात हो। यसको फल ठुलो सानो दुबै हुने र बोक्रा रातो हुने गर्दछ। २३ टनप्रति हेक्टर यसको उत्पादन रहेको छ।

वातावरण:

आलु जाडो मौसममा लगाइने खेती हो जसले हल्का कुहिरो सहन सक्छ। आलुलाई उम्रनको लागि ८ डिग्री तापमान उपयुक्त मानिछ। अती काम तापक्रमले यस्को बढ्ने क्षेमतामा रास ल्याउदछ। दिनमा ३०-३५ डिग्री अनि रातमा २०-२५ डिग्री आलुको लागि राम्रो मानिन्छ। २९ डिग्री भन्दा बढी रातको तापमनमा आलुको फल लाग्दैन।

माटो र खेतको तयारी :

पानी नजम्ने, हल्का बालौटे चिम्टाइलो अनि जैविक माला प्रशस्त भएको माटो आलुको लागि उपयुक्त हुन्छ। ५-७ पि.यच. हुनु पर्दछ। माटोको जोताई अनि तयारी मौसम, माटोको किसिम, वातावरण , बाझो र खेती लगाइएको जग्गामा भर पर्दछ। माटोलाई २०-२५ से.मी. गहिरो गरी जोत्नु पर्दछ।

मलखाद व्यवस्थापन:

कम्पोस्ट मल: २०-३० टन प्रति हेक्टर

नाइट्रोजन : फस्फोरस : पोटसियम = २२०:१४०:१४० केजी प्रति हेक्टर

क्याल्सियम अक्साइड: म्याग्नेसियम अक्साइड = ९०:३० केजी प्रति हेक्टर

खेतको तयारी गर्ने बेलामा सम्पूर्ण कम्पोस्ट मल,फस्फोरस र पोटासियम अनि नैइट्रोजनको आधा मात्रा माटोमा मिलाउनु पर्दछ। बचेँको आधा नाईट्रोजन पछी ड्याङ पार्ने बेलामा हाल्नु पर्दछ।

लगाउने समय:

भौगोलिक क्षेत्र लगाउने समय स्याहार्ने समय

तराई भाद्र-असोज फाल्गुन

तल्लो पहाड कार्तिक चैत्र

मध्य पहाड साउन-असौज कार्तिक-फाल्गुन

उच्च पहाड मङ्सिर्-फाल्गुन बैशाख-जेठ

बिउ दर र लगाउने दुरी:

लाइनदेखि लाइनसम्मको दुरी: ६०-७० से मि

बोटदेखि बोटसम्मको दुरी: २५-३० से मि

एक हेक्टरको लागि चाहिने बिउ दर: २.५ टन

सिन्चाई:

धेरै गहिराईमा गएर नफल्ने हुँदा यसलाई हल्का सिन्चाई दिनु पर्दछ। पहिलो पटक, आलु लगाउनुभन्दा पहिले वा आलु टुसाउनुभन्दा अगावै दिनुपर्दछ। दोस्रो पटक भने आलु लगाएको ३० दिन पछी दिनुपर्दछ। चिस्यान कम भयो भने आलुको फलमा खराबी आउँदछ र आलु पनि पातलो गरी उम्रन्छ।

झारको ब्यवस्थापन:

झारले आलुसँग सिधै पोशक तत्व,चिस्यान, प्रकाश र ठाउकोलागि प्रतिस्पर्धा गर्ने हुनाले झारको गोडमेल गर्नु अतिआवश्यक छ। पहिलो हाते गोढाई आलुको बोट सानो हुँदै गरिन्छ। दोस्रो गोढाई माटो चाढाउने बेला जब आलु १५-२० से.मि. को हुन्छ तब गरिन्छ। यति गरिसकेपछि आलुले आँफै झारलाई नियन्त्रण गर्छ।

झार व्यवस्थापन गर्ने रासायनिक बिसादी

१) पेन्डिमिथालिन (०.५ केजी प्रति हेक्टर), यसको प्रयोग आलु लगाउनु पुर्व गर्नु पर्दछ।

२) एलाक्लोर(१-१.५ केजी प्रति हेक्टर), यसको प्रयोग आलु उम्रनुपुर्व गर्नुपर्दछ।

माटो चढाउने/उकेरा लगाउने

यदी आलुको फल घामको किरणमा पर्यो भने त्यसले अन्थोसाइनिन र क्लोरोफिल बनाउदछ। क्लोरोफिलले आलुमा स्टार्चको मात्रा घटाई आलुनै सानो आकारको हुन पुग्दछ। त्यसकारण आलुलाई

क्रमश .....

आलु खेती .....

ताप, किरा, डडुवा रोगबाट बचाउनको लागी माटो चढाउन पर्दछ। यदी गहिरो गरी लगाइेको भए सानो ड्याङ काफी हुन्छ। सामान्यतय: जब आलु १५-२० से मि हुन्छ तब चिस्यान हेरी माटो चाढाइन्छ।

स्याहार्ने:

बोट पहेलिदै र सुक्दै गएपछि आलु स्याहार्ने गरिन्छ। स्याहार्नुभन्दा ७-१० दिन अगाडि आलुको बोटलाई काटिन्छ जसले गर्दा आलुको फल भाईरस अनि किराकिरी बाट जोगिन्छ। स्याहार्नुभन्दा १०-१५ दिन अगाडिनै सिन्चाई बन्द गर्नु पर्दछ जसले गर्दा आलु राम्रो सँग पाक्न पाउछ। आलुलाई खुर्पी वा कोदालिले पालैपालो ड्याङ भात्काई निकालिन्छ।

उत्पादन:

वैज्ञानीक सुधारिएको खेती प्रबिधिले २०-३५ टन प्रति हेक्टर आलु उत्पादन गर्न सकिन्छ।

स्याहारपछिको व्यवस्थापन:

आलु स्याहारेपछी आलुको सतह सुकाइन्छ जसको लागि आलुलाई थुप्रो बनाएर १०-१५

दिनसम्म १५-२० डिग्रीमा राखिन्छ। आलुलाई उपयुक्त अवस्थामा स्याहार्नु पर्दछ कारण अविकसित आलुको कुहिने प्रकृति हुन्छ।

आलुमा लाग्ने मुख्य किरा र तिनको व्यवस्थापन:

१) रातो कमिला

आलुमा माटो सहितका मसिना वा ठुला छिद्रहरु देखिन्छन।

रोकथाम:

-गहुत, असुरो, खिर्रो वा चिउरिको प्रयोग गर्ने।

-क्लोरिपाइरिफस (०.००४५%) @ १०० मिली लिटर प्रति बोट प्रयोग गर्ने।

२) लाही

लाही किराको वयस्क अनि लार्भा दुवैले आलुको बोटबाट रस चुस्ने गर्दछन्। यिनिहरुले आक्रमण गरेको बोट सानो कदको हुन्छ, पातहरु बेरिएको हुन्छ। यिनिहरुले महजस्तो तरल पदार्थ निस्कासन गर्दछन जुन पछी हामीले देख्ने कालो पदार्थमा पारीणत हुन्छ।

रोकथाम:

-फोरेट १० ग्राम @ १५केजी प्रति हेक्टर आलु लगाउनुभन्दा पहिलेनै माटोमा प्रयोग गर्ने।

-आलुको बोटमा डाइमेथोएट(०।०३%)छर्ने।

३) खुम्रे किरा

यसको प्रकोप खासगरी पहाडी क्षेत्रमा बढी हुन्छ। खुम्रे आलुको जरा अनि बढ्दै गरेको फलमा भर पर्दछ र फलमा ठुलो छिद्र पार्दछ। यो किराको वयस्क आलुको पातमा भर पर्दछ।

रोकथाम:

-बालिचक्र अपनाउने।

-फोरेट १० ग्राम @ १५केजी प्रति हेक्टर आलु लगाउनुभन्दा पहिलेनै माटोमा प्रयोग गर्ने।

४) फेद कटुवा

यस किराले आक्रमण गरेको बोटको ढिलो विकास भई सानो अनि कमजोर रहन्छन। पातहरु पहेलिन्छन, मुर्झाउछन अनि झर्छन।

रोकथाम:

-गर्मी याममा गहिरो गरी खेत जोत्ने।

-बालिचक्र अपनाउने।

-पासो बालिको रुपमा सयपत्रीलाई प्रयोग गर्ने।

५) थोप्ले खपटे

यस किराले गर्दा पातको हरियो भागहरु कोत्रेको र आखी परेका जस्तो देखिन्छन।

रोकथाम:

-इल्ट्रामेथ्रिन २८ ई सि १ मि ली प्रति लिटर पानीमा वा मालाथियन ५० ई सि १ मि लि प्रति लिटर पानीमा मिसाई छर्ने।

६) कागे खपटे

यो किरा बोटभरी बसी पातहरु खाएपछी बोट नासिन्छ।

रोकथाम:

-थोप्लेको जस्ताइ गर्ने।

७) आलुको पुतली :

पातमा हरियो, सेतो धब्बा, खैरो-डढेको धब्बा, डाठ र आलुमा सुरुङहरु देखिने र आलुका आख्लाबाट खैरो पदार्थ निस्कन्छ।

रोकथाम:

-लक्षण देखिएको पात चुढेर नस्ट गर्ने।

-बत्तिको पासो प्रयोग गर्ने।

-गहिरोमा आलु रोप्ने र उकेरा राम्रोसँग दिने।

-सिन्चाइको राम्रो व्यवस्था गर्ने।

-नयाँ आलुलाई पुरानो रोग लागेको आलुसँग नमिसाउने।

केही प्रमुख आलुका रोग:

१) डडुवा रोग

पातको टुप्पो वा किनरमा सानो खैरो भिजेको जस्तो दाग देखापर्दछ। जुन चाडै बढ्छ र दागको पछाडि हेर्दा सेतो भुवा जस्तो ढुसी देखिन्छ। यो रोग डाठ र दानामा पनि लाग्दछ पछी पुरै बोट सुकेर डढेको जस्तो देखिन्छ।

रोकथाम:

-रोग देखिने बित्तै म्यान्कोजेब ७५% डब्लु पि को २।३ ग्राम प्रति लिटर पानीको दरले सात दिनको फरकमा ३ देखी ४ पटक छर्ने।

-रोग कम लाग्ने वा रोग अवरोधक जातहरु लगाउने।

-खेतबारी सरसफाई गर्ने, नाभो हटाउने, स्वास्थ बिउ प्रयोग गरी आलु खेती गर्ने।

२) ऐजेरु

आलुको दानाको आँखाहरुमा स-साना सेता खटिराहरु जस्ता लक्षण देखिन्छन। जुन पछि बिस्तारै बढेर काउली जस्तो फुक्क भई पूरा दानालाई नै घेरी आलुको आकार बिग्रिन्छ। त्यस्तो आलु पछी कालो हुँदै जान्छ र कुहिन्छ।

रोकथाम:

-रोग लागेको खेतबाट उत्पादित बिउ नरोप्ने।

-रोग लागेको खेतमा आलु नरोप्ने।

३) ओईलाउने वा खैरो पिप चक्के रोग

बोट एक्कासी पानी नभएको जमिनमा उम्रे जस्तो ओईलाएर मर्छ। रोगी दाना काट्दा नशा वरीपरी खैरो चक्क हुने र पिप जस्तो निस्किन्छ।

रोकथाम:

-रोग ग्रस्त क्षेत्रमा अन्न बालिसँग घुम्ती बाली लगाउनु पर्दछ।

-रोग लागेको बोट वा दाना जम्मा गरी जलाउनु पर्दछ।

४) दादे रोग

आलुको सतहमा केही उठेका अथवा खाडल परेका दादहरु देखा पर्दछन।

रोकथाम:

-रोग रहित स्वास्थ आलु रोप्ने।

-रोग ग्रस्त क्षेत्रमा घुम्ती बाली लगाउने।

-आलु बढ्ने बेलामा माटोमा चिस्यान कायम राख्ने।

-रोगी आलु नस्ट गर्ने।

अन्तर्राष्ट्रिय युवा दिवस- २०७८

प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थानमा आउन सफल छात्र छात्राहरुलाई सम्मान पश्चात ।

अन्तर्राष्ट्रिय युवा दिवश २०७८ "खाद्य प्रणालीमा रुपान्तरण , मानव तथा भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन" भन्ने मूल नाराका साथ "समाज रुपान्तरण र समृद्धिमा युवाको भूमिका" विषयमा नगरस्तरीय वक्तृत्वकला कार्यक्रम यही २०७८ श्रावण २७ गते बुधबारका दिन सम्पन्न भएको छ ।

बाणगङ्गा नगरपालिकाको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा कपिलवस्तु जिल्ला युवा समितिका

अध्यक्ष श्री टुकलाल गैरे -अध्यक्ष , नगर प्रमुख श्री मंगल प्रसाद थारु- प्रमुख आतिथि र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव श्री बाबुराम भट्टाराई लगायत अन्य कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो । त्यसैगरि, निर्णायक मण्डलमा शाखा अधिकृत श्री खिम बहादुर जि.सी., बाणगंगा उच्च मा.वि. का क्याम्पस प्रमुख श्री डि.बि. रेश्मी तथा नगर स्रोत व्यक्ति श्री कविराज भण्डारीले गर्नु भएको थियो ।

शाखा अधिकृत श्री खिम बहादुर जि.सी.को सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा सिद्धार्थ क्याम्पसकी छात्रा सबिना अर्याल प्रथम, हथौसा लिटिल स्टारका छात्र रामकृष्ण अधिकारी दोस्रो,

हेमराज मा.वि. की छात्रा अर्चना आचार्य तेस्रो स्थान तथा लुम्बिनी भिजन कलेजका छात्र अनिष अधिकारीले सान्त्वना स्थान हासिल गरेका छन् ।

प्रथम, दोस्रो, तेस्रो र सान्त्वना स्थान प्राप्त गर्न सफल छात्र छात्राहरुलाई श्रावण २८ गते बिहीबारका दिन अन्तराष्ट्रिय युवा दिवसको अवसर पारेर नगरपालिकामा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख श्री चक्रपाणि अर्यालले प्रमाणपत्र र पुरस्कार, टिका तथा अविर शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख बाबुराम भट्टराईले लगाईदिनु भएको थियो । साथै नगर प्रवक्ता तथा वडा नं. २ अध्यक्ष श्री बिष्णु प्रसाद पौडेलले खादा ओढाई सम्मान प्रदान गर्नुभएको थिए । प्रथम, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्न सफल छात्र छात्राहरुलाई क्रमशः नगद रु. ५ हजार, ४ हजार, ३ हजार र १५ सय पुरस्कार स्वरुप प्रदान गरिएको थियो ।

बाणगङ्गा नगरपालिकाको साउन महिनाको राजश्व आम्दानी

सम्पत्ति कर	१४६१६२३
भुमिकर/मालपोत	३२२८०
घर बहाल कर	१२६०६६
बहाल बिटौरी कर	११७१६५
सरकारी सम्पत्ति बहालबाट प्राप्त आय	२१०००
विद्युत सेवा शुल्क	३२५००
अन्य सेवा शुल्क	२०६८२६४
शिक्षा क्षेत्रको आम्दानी	१८३००
नक्सा पास दस्तुर	३८६७८४
सिफारिस दस्तुर	११२३५७८
नाता प्रमाणित दस्तुर	३१७००
अन्य दस्तुर	१३१८४४
दण्ड जरिवाना दस्तुर	६५४४४०
व्यक्तिगत घटना दस्तुर	२३९००
व्यवसाय रजिष्ट्रेशन दस्तुर	६५४४४०
जम्मा	६३७१५३२

सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमका लागि टिफिनबक्स वितरण

बाणगङ्गा नगरपालिकाले नगरका ८ वटा विभिन्न वडाहरुमा रहेका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुका लागि दिवा खाजा व्यवस्थापनका लागि टिफिनवक्स उपलब्ध गराएको छ। नगरवाट नगर उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृतद्वारा टिफिनवक्स सम्बन्धित विद्यालय प्रतिनिधीहरुलाई हस्तान्तरण गर्नु भएको थियो ।

मेलमिलाप अनुगमन समितिको अनुगमन कार्यक्रम सम्पन्न

जिल्ला मेलमिलाप अनुगमन समितिको मिति २०७८/०३/१३ को निर्णय अनुसार कपिलवस्तु जिल्ला अन्तर्गतका सबै पालिकामा मेलमिलाप अनुगमन समितिबाट अनुगमन गर्ने क्रममा यस नगरपालिकामा मिति २०७८/०४/२४ अनुगमन तथा छलफल कार्यक्रम सम्मन्न भयो । कार्यक्रममा मुख्य अतिथि जिल्ला समन्वय समिति कपिलवस्तुका प्रमुख नारायण प्रसाद खनालले, आफू २०४९ सालमा हरिहरपुर गा.बि. स. को अध्यक्ष हुँदा साना तिना झैझगडा, उजुरीहरु मिलाईदिने गरेको यसबाट जनतालाई राहत हुने र जिल्लासम्म पुग्न नपर्ने स्मरण गर्दै जनतालाई छिटो छरितो न्यायको प्रत्याभूति दिन संविधानमा स्थानीय तहमा न्यायिक समितिको ब्यबस्था गरेको बताउनु भयो । कार्यक्रमका विशिष्ट अतिथि जिल्ला न्यायाधीस तेज प्रसाद शर्माले मेलमिलापकर्ताले आफ्नो विवेकले भने अनुसार मेलमिलाप गराउनु भयो भने साँचो अर्थमा पिडितले न्याय पाउने, पूर्वाग्रह राख्नु भयो भने त्यो न्याय हुन नसक्ने बताउनु भयो । त्यसैगरि, नगरपालिकाले मेलमिलापकर्ताले गरेका कार्यहरुको अभिलेखीकरण गर्न तथा आवश्यक ऐन, नियम र कानूनहरु पारित गरी कार्यान्वयन गर्न सुझाव समेत दिनु भयो । कार्यक्रमको अध्यक्षता गर्नु भएका बाणगङ्गा नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक चक्रपाणि अर्यालले नगरपालिकाका कानूनहरु पारित गरी कार्यान्वयनमा आइसकेको, मेलमिलापकर्ताको पुनर्ताजगी तालिम गत बर्ष कोभिड १९ को कारण गर्न नसकिएको र यसपटक भदौ, असोजमै गरिने, तालिम ४/४ महिनामा गराउन सके न्याय सम्पादन प्रभावकारी हुने बताउनु भयो । उहाँले आफूँले थाहा पाइसम्म यस प्रकारको अनुगमन छलफल कार्यक्रम पहिलो पटक भएको समेत बताउनु भयो । कार्यक्रममा अनुगमनको विश्लेषण, चुनौति, अवसर उद्देश्यका बारेमा जिल्ला अनुगमन समितिका सदस्य दिनेशचन्द्र त्रिपाठीले बताउनु भएको थियो भने पिडितको अधिकार सम्बन्धमा समितिका अर्का सदस्य माया ज्ञवालीले बताउनु भएको थियो । आ.ब. २०७७/७८ को उजुरी दर्ता, फर्छ्यौट र मेलमिलापको तथ्याङ्कीय विवरणको जानकारी उजुरी प्रशासक सन्तोष थापाले गराउनु भएको थियो । कार्यक्रममा स्वागत मन्तब्य न्यायिक समितिका सदस्य तथा वडा न. २ का वडा अध्यक्ष बिष्णु प्रसाद पौडेलले गर्नु भएको थियो भने मेलमिलाप केन्द्रको संयोजकको अनुभव सम्बन्धमा वडा न.१ वडा अध्यक्ष बाल कुमारी पन्थ र वडा न.५ वडा अध्यक्ष भिष्मराज भूसालले बताउनु भएको थियो । कार्यक्रम नगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक चक्रपाणि अर्यालको अध्यक्षता, प्रमुख अतिथि जिल्ला समन्वय समिति कपिलवस्तुका प्रमुख नारायण प्रसाद खनाल, विशिष्ट अतिथि जिल्ला न्यायाधीस तेज प्रसाद शर्मा,अतिथि नि. प्रमुख प्रशासकिय अधिकृत बाबुराम भट्टराई, नगरका कानूनी सल्लाहाकार हुमनाथ पाण्डे, मेलमिलाप अनुगमन समितिका सम्पर्क व्यक्ति यज्ञमूर्ति न्यौपाने, सदस्य दिनेशचन्द्र त्रिपाठी, माया ज्ञवाली, मेलमिलाप केन्द्रको संयोजक तथा वडा अध्यक्षहरु र मेलमिलापकर्ता गरि करिव ३५ जनाको उपस्थिति रहेको कार्यक्रम न्यायिक समितिका उजुरी प्रशासक सन्तोष थापाले संचालन गर्नु भएको थियो ।

कृषि विकास बैंकको एक्टेन्सन काउन्टर नगरपालिका भवनमा

बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु र कृषि विकास बैक लि. जीतपुर शाखा, कपिलवस्तुका बीच यही २०७८ श्रावण ३२ गते सोमबारका दिन नगरपालिकाको भवनभित्रै बैंकिङ एक्सटेन्सन काउन्टर सञ्चालनको लागि द्वीपक्षीय सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

नगरप्रमुख मंगल प्रसाद थारु तथा नगर उपप्रमुख चक्रपाणी अर्यालको रोहवरमा गरिएको समझौतामा नगरपालिकाकोतर्फ बाट प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल तथा कृषि विकास बैंकका शाखा प्रबन्धक श्री पुनाराम खासुले सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको थियो ।

सम्झौता पत्र साटासाट गर्दै नगर प्रमुख मंगल प्रसाद थारु तथा शाखा प्रबन्धक पुनाराम खासु

लागत साझेदारीमा हुलाकी मार्ग दुध उत्पादन कार्यक्रम

बाणगङ्गा नगरपालिका, पशु सेवा शाखा कपिलवस्तुबाट आ.व. २०७७/०७८ मा पशु सेवा विभाग अन्तर्गत लागत साझेदारीमा हुलाकी मार्ग दुध उत्पादन कार्यक्रम सन्चालन गर्नका लागि बाणगङ्गा नगरपालिका पशु सेवा शाखा, कपिलवस्तु तथा साझेदार संस्था श्री कैलाश आश्रम कृषि सहकारी संस्था लि, बा.न.पा. २, नन्दनगर बीच सम्झौता भई ५० वटा उन्नत जातका भैसी संस्थाका ४९ कृषकहरु लाई एक कार्यक्रमकाबीच हस्तान्तरण गरिएको छ ।

उक्त कार्यक्रममा बोल्दै पशु सेवा शाखाका शाखा अधिकृत श्री राज कुमार तिवारीले हस्तान्तरित भैंसीहरु सबैको सानिमा इन्स्योरेन्स कम्पनी लि.बाट बीमा समेत गरिएको र उक्त कार्यक्रमबाट प्रत्यक्षरुपमा लाभान्वित हुने परिवार संख्या ५० वटा र अप्रत्यक्षरुपमा लाभान्वित परिवार संख्या २५० जना भएको बताउनुभयो।

कार्यक्रमको सबल पक्षमा प्रकाश पार्दै उन्नत जातको भैंसी तथा दुध उत्पादनमा वृद्धिहुने, कृषकको आय आर्जनमा वृद्धि हुने, नयाँ रोजागारीको सिर्जना हुने, जैविक सुरक्षा सहितको गोठ सुधार हुने तथा स्थानीय तथा राष्ट्रियस्तरमा दुध आपूर्तिमा समेत टेवा पुग्ने अपेक्षा गरिएको बताउनु भयो ।

हस्तान्तरण कार्यक्रममा नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यू, उप प्रमुख श्री चक्रपाणी अर्याल ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनाल ज्यू, नगर प्रवक्ता श्री विष्णु प्रसाद पौडेल ज्यू, पशु सेवा शाखा प्रमुख श्री राज कुमार तिवारी ज्यू साथ अन्य कर्मचारीहरु तथा कृषकहरुको उपस्थिति रहेको थियो भने कार्यक्रम संचालन पशु सेवा शाखाका शाखा प्रमुख श्री राज कुमार तिवारीले गर्नु भएको थियो ।

बाणगङ्गा नगरपालिका भित्र संचालनमा रहेका सहकारीहरुको वित्तिय अवस्था

क्र. स.	सहकारीको नाम	वडा नं.	जम्मा सदस्य	"शेयर पुँजी (रू. हजार)"	बचत संकलन (रू. हजार)	ऋण लगानी (रू. हजार)
१	सिनर्जी बहुउद्देशीय बचत तथा ऋण स.स. लि.	७	६३२७	१०१५५६	३९६०७८	२०३०६३
२	मेरिट बचत तथा ऋण स. स. लि.	७	३४१२	५०८३०	२३६८०५	२८४३९०
३	स्वाभिमान बचत तथा ऋण सहकारी	४	८७५	४८०७०	१९९७१३	२१३८५२
४	जनसेवा बहुमुखी सहकारी संस्था लि.	४	२२०३	३३२८५	१९६५९५	१७०९३५
५	जनमैली कृषि सहकारी सं.ली.	४	९६९	२७१०९	६९१९१	८१९३७
६	सिद्दार्थ बचत तथा ऋण स.स. लि.	४	४७१४	२४५७२	१५६११८	१४८७३१
७	हिमाली बचत तथा ऋण सहकारी	५	१५९२	२४५६५	१६८३२२	१९२०७३
८	संबृद्धि बचत तथा ऋण सहकारी	११.	५४९	२३०२३	४४९३३	७३०३३
९	हाम्रो दिगो बचत तथा ऋण सहकारी स.	२	७८३	१९६२५	६०८१४	७५०३८
१०	दर्शन बचत तथा ऋण सहकारी	४	११४४	१९६२०	१०००२६	१२२१२५
११	लालीगुराँस बचत तथा ऋण स.	४.	३६५	१६१८२	४१०४७	५६४८४
१२	माउन्ट एभरेष्ट बचत तथा ऋण सहकारी	५	३६५३	१५५८२	१६४३००	१५४१५२
१३	साना किसान कृषि सहकारी स.	८	२७१५	१५३५७	१२७१२८	२६८२७९
१४	बिनायक बचत तथा ऋण स.स. लि.	४	४२०	१२६८४	२२८६१	३४०८६
१५	शान्तिदिप कृषि सहकारी	४	१६३	१०५४०	१३९२	८४५०
१६	छिमेकी कृषि सहकारी स.लि.	५	२४२	७८२५	३७५६	१९९५
१७	नवप्रभात बचत तथा ऋण स.स.लि.	९	१६०२	७८२१	८९५४४	७४०३३
१८	कपिलवस्तु कृषि सहकारी स. लि.	१		७७२०	१९०८	७८७३
१९	बिहानी कृषि सहकारी स.	३	२२७	६९५२	४३२०	११६२९
२०	मयुर कृषि तथा पशुबिकास सहकारी स	४	३७४	५६१५	१३१६९	१३२७८
२१	सामुदायिक अपागंता बचत तथा ऋण स	४	१२४२	५१३७	५५२५६	४३५९८
२२	कानुङ कृषि सहकारी सं.ली.	४	३८१	४४१६	२०१६३	१८७७१
२३	जनसेवा कृषि सहकारी स.	७	८१६	४०९४	२५०६२	२८९९०
२४	मधौलिया कृषि सहकारी स. लि.	६	१८५	३६७८	४६३५	१५८३१
२५	साना किसान कृषि सहकारी सं.	११	८२३	३६५७	३३९५६	६७१३५

क्रमश .....

सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण

बाणगङ्गा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा ई.सि.डि देखि कक्षा ३ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु वितरण नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यू, नगर उप प्रमुख श्री चक्रपाणी अर्याल ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री बासुदेव खनाल ज्यू र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री बाबुराम भट्टराई ज्यूबाट गरियो । सो अवसरमा विभिन्न विद्यालयका शिक्षकहरुको उपस्थिती रहेको थियो ।

उक्त शैक्षिक सामग्रीहरु UNICEF को आर्थिक सहयोग, नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाको व्यवस्थापन र कालिका स्वाबलम्बन सामाजिक केन्द्रको समन्वय मा प्राप्त भई वितरण गरिएको थियो । नगरका ४७ वटा सामुदायिक विद्यालयका ४,२८६ विद्यार्थीहरुलाई सो सामग्रीहरु उपलब्ध गराइएको थियो ।

क्र. स.	सहकारीको नाम	वडा नं.	जम्मा सदस्य	"शेयर पुँजी (रू. हजार)"	बचत संकलन (रू. हजार)	ऋण लगानी (रू. हजार)
२६	बिहानी सा.उ.म. कृषि सहकारी स.	५	१२९६	३६५७	१८६२५	१६०६६
२७	नबज्योती महिला ब. सहकारी स.	११	९४२	३४१७	१४३४३	१९१५५
२८	कर्मेश्वर कृषि सहकारी सं.स.ली.	४	४४७	३२०४	१२३५०	१२९८१
२९	साना किसान कृषि सहकारी सं.कोपवा	५	७१०	२८३३	१७०८३	४३९५१
३०	हाम्रो दिगो साना किसान कृषि सहकारी	२	२९०	२५६८	१५२३	४४३८
३१	सहयोगी महिला ब.उ.स.स.ली.	४	७८७	२४२९	११०२१	१३०११
३२	सुपादेउराली कृषि स. स. लि. पिपरा	२	१९५	२४२०	८२०५	९५०५
३३	समाबेशी कृषि सहकारी सं.ली.	६	४०८	२४१२	५२२५	५२१४
३४	बरवा कृषि सहकारी स.	११	१८६	२१८१	१०३९८	४७५५
३५	मिर्मिरे महिला बचत तथा ऋण सहकारी	१	७०५	१९४८	१०६५४	१२७२९
३६	नवदुर्गा कृषि स.स. लि.	५	९६	१९२०	३१२०	६०२४
३७	वाणगंगा दुग्ध उत्पादक स. लि. बोडगाउँ	८	१८१	१८९९	०	०
३८	लोकप्रिय कृषि सहकारी	५	२४१	१८७१	३९३५९	३२२८६
३९	बाणगंगा मौरीपालन तथा म.उ.	१.	९३	१८२७	३३७३	७०४६
४०	बाणगंगा मौरीपालन तथा म.उ.	१.	९३	१८२७	३३७३	७०४६
४१	कैलाश आश्रम कृषि सहकारी स.	२	१५८	१७७५	६४५८	८०८३
४२	कृषि तथा पशु बिकाश बहुउद्देश्यीय स.	५	७७	१६६२	१४४६	१३१७
४३	भलवाड कृषि स.स. लि.	९	२५५	१५८९	१०६३	१२४१६
४४	पटना कृषि सहकारी स. लि.	१०	२२०	११२१	८४७३	१६६३६
४५	बुद्ध दर्शन कृषि महिला स.स. बोडगाउँ	८	२१९	१०५७	३३४६	५७७५
४६	नयाँ किरण उपभोक्ता स.सं.ली.	९	१७८	८१५	११२	४३५
४७	उद्दमशिल कृषि स.स. लि.	८	१९३	७८५	४०५	९५७
४८	दिव्य ज्योति महिला ब.उ.स.सं.ली.	५	६११	७८१	७२३८	९०८२
४९	भागिरथी कृषि सहकारी	१	३२९	७७४	३००	६२८
५०	वालाजी कृषि सहकारी	१		४२४	९४५	२५०
५१	गंगौलिया गौतरिया कृषि सं.ली.	३	३९	४०४	३२६	१६१
५२	नमुना म.विकाश बचत तथा ऋण स. लि.	१०	४०१	२७१	११३५	३२६५
५३	कोठीनदी सा.कृषि स.स.लि. पटना	१०	७२३	१७३	२४६५	२३७३
५४	सयपत्री कृषि सहकारी शं.स.ली.	११	६९	१०९	१९७	१६५
५५	मटेरिया कृषि स. स. लि.कोपवा	५	३२	७१	१६०	२९९
५६	हथौसा उपभोक्ता सहकारी	११	७४	५८	३४१	१४५
५७	जयगुरुदेव कृषि स. स. लि. पटना	१०	३५	३५	१०६	११९७
५८	कुष्ठरोग प्रभाबित तथा अपाङ्गता कृ.	४	३०	३०	०	०
५९	फेवा कृषि सहकारी संस्था लि.	११	०	०	०	०
६०	सामुहिक कृषि सहकारी स. लि.	१	०	०	०	०
६१	त्रिशुल कृषि सहकारी स. लि.	११	०	०	०	०
६२	आकस्मिक कृषि स.स. लि.	११	०	०	०	०
६३	जनक कृषि स.स.लि.	११	०	०	०	०
६४	ओसो कृषि स.स. लि.	११	०	०	०	०
६५	पटना महिला कृषि सहकारी स. लि.	१०	०	०	०	०
६६	परोपकार उपभोक्ता स.स. लि.	१०	०	०	०	०
६७	शहिद स्मृति उपभोक्ता स.स. लि.	३	०	०	०	०
६८	कोईली दुग्ध उत्पादक स.स. लि.	९	०	०	०	०
६९	सिद्धार्थ मिलिजुली दुग्ध स.स. लि.	४	०	०	०	०
७०	साना किसान कृषि सहकारी	९	०	०	०	०
जम्मा			४६०८९	५४७८६२	२४३०२६०	२६२७१५२

मधौलिया पार्क

बाणगङ्गा नगरपालिका वडा नं. ५ मा रहेको मधौलिया सामुदायिक वनको केही क्षेत्रलाई मधौलिया पार्कको रुपमा स्थापना गरिएको पार्कमा सप्तरङ्गी फलामे रिङ्ग र उद्यान प्रति पछिल्लो समय आन्तरिक पर्यटनको आकर्षणको केन्द्र बन्न पुगेको छ ।

बाणगङ्गा मासिक बुलेटीन

सल्लाहकारहरु

श्री मंगल प्रसाद थारु
नगर प्रमुख
श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

प्रधान सम्पादक

श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

सम्पादक/भाषा सम्पादक

श्री बाबुराम भट्टराई
उपसचिव

बुलेटीन सम्पादन मण्डल

श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री सम्राट रेग्मी - सूचना प्रविधि अधिकृत
श्री लक्ष्मी पौडेल भट्टराई- सहायक पाँचौ
श्री दिपक थापा - कम्प्युटर अपरेटर

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48